जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

# सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- २२, २०८१ पुस २५ गते विहीबार, 9 Jan. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

## बागमती प्रदेश खेलकुद विकास परिषद्ले पुर्णता पायो

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश खेलकुद विकास परिषद्को रिक्त ६ सदस्य नियुक्त गरिएको छ । मंगलबार मन्त्रीस्तरको निर्णयअनुसार परिषद्मा ६ जना सदस्य नियुक्त गरिएको हो ।

प्रदेशको सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले सत्ता साझेदार दल एमाले र काङ्ग्रेसबाट ३/३ जना गरी ६ जना सदस्य नियुक्त गरेकी हुन् । प्रदेशमा विभागीय युवा तथा खेलकुद मन्त्रालय रहेपनि कानून संशोधन नहुँदा सो मन्त्रालयको अधिकार प्राप्त हुन सकेको छैन । जसका कारण कानूनी व्यवस्था अनुसार सामाजिक विकास मन्त्री खड्गीले परिषद्मा ६ सदस्य नियुक्त गरेकी हुन् ।

खेलकुद संघ संस्था, खेल विज्ञ र अपाङ्गता कोटाबाट सदस्य नियुक्त गरिएको हो । जसमा एमालेबाट खेलकुद संघ संस्था तर्फ दोलखाकी अन्जना शिवाकोटी, खेल विज्ञका रुपमा ललितपुरकी दिपा क्षेत्री र अपाङ्गता कोटामा काग्रेका गोविन्दलाल श्रेष्ठलाई नियुक्त गरिएको छ । त्यस्तै काँग्रेसबाट खेलकुद संघ संस्था तर्फ मकवानपुरका अमृत लुङ्वा, खेल विज्ञबाट सविन भट्टाचार्य र सिन्धुपाल्चोकका राजन घिताललाई नियुक्त गरिएको छ । लुङ्वा नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको कोटामा सदस्य भएका हुन् भने भट्टाचार्य सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना' र घिताल मोहनबहादुर बस्नेतको कोटामा सदस्य बनेका हुन् ।

यसअघि गत मङ्सिर १० मा प्रदेश सरकारको मन्त्रिपरिषद्बाट ४ जना सदस्य नियुक्त भएका थिए । मन्त्रिपरिषद्ले कांग्रेस र एमालेबाट ३/३ जना सदस्य नियुक्त गरिएको थियो । काङ्ग्रेसबाट रवि महर्जन, कल्पना खड्का नियुक्त हुँदा एमालेबाट नविना खनिया र सविन श्रेष्ठ नियुक्त गरिएको थियो । नियुक्त भएको ४५ दिनसम्म उनीहरुको शपथ हुन सकेको छैन । मन्त्रिस्तरीय निर्णयबाट ६ सदस्य नियुक्ति भएपछि सपथ हुने र कार्यसमितिले पूर्णता पाउने भएको छ ।

## कानून निर्माण तथा कार्यान्वयन सम्बन्धमा छलफल

मन्थली । बागमती प्रदेशको कानून निर्माण, कार्यान्वयन र अपेक्षासम्बन्धी छलफल तथा अन्तरकृया रामेछापको मन्थलीमा बुधबार भएको छ।

बागमती प्रदेश सभा सचिवालयको आयोजनामा भएको कार्यक्रममा बागमती प्रदेश सभाले बनाएका विभिन्न कानून र तिनका कार्यान्वयनका क्रममा स्थानीय तहमा उत्पन्न भएका समस्याहरु र तिनका समाधानका उपायहरुका छलफल गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेश सभा सभामुख भुवन कुमार पाठकले कानून निर्माण गर्दा सरोकारवाला, विज्ञ र जनप्रतिनिधिहरूसँग छलफल गरिनुपर्ने बताए ।

यस्तै उपसभामुख अपसरा चापागाईंले प्रदेश तथा स्थानीय तहले बनाएका कानूनको जानकार सबै हुनुपर्ने बताइन् । कार्यक्रममा मन्थली नगरपालिकाका प्रमुख लव श्रेष्ठ र नगर उपप्रमुख ईश्वरी बस्नेत लगायत प्रतिनिधिहरुले संघ र प्रदेशले बनाएका कानूनहरू बाझिएका कारण स्थानीय तहहरूले समस्या भोग्नुपरेको बताएका थिए ।

## औद्योगिकरणको लागि नीति निर्माण तहमै छलफल जरूरी:बर्तौला

○ सम्झना घिमिरे

मकवानपुर । प्रतिनिधि सभा सदस्य महेश बर्तौलाले मुलुकको औद्योगिकरणको लागि नीति निर्माण तहमा छलफल र बहस गर्न जरूरी भएको बताएका छन् ।

उद्योग संघ मकवानपुरको २३ औं साधारण सभालाई सम्बोधन गर्दै नेकपा एमाले प्रमुख सचेतक समेत रहेका बर्तौलाले उक्त कुरा बताएका हुन् ।




बर्तौलाले अर्थतन्त्र चलायमान, वित्तिय अनुशासन, रोजगारी सिर्जना लगायत उठान हुने सम्पूर्ण समस्या देशकै प्रमुख समस्या भएको बताए । 'मकवानपुरमा हामी के के गर्नु पर्ने हो, अर्थतन्त्र परिचालन, रोजगारी सिर्जना गराउनु पर्ने नीतिगत कुराहरू के के हुन भन्ने कुराको उठान गरौ' उनले भने ' सम्पूर्ण नेतृत्व तहमा सामुहिक धाराणा बन्दैन।'

'हेटौंडा केन्द्रीय राजधानीको नजिक तथा प्रदेशको राजधानी भएर पनि साझा दृष्टिकोण बनाउन नसक्नु मकवानपुरको दुर्भाग्य भएको उनले बताए ।

समस्याहरूलाई एकठाउँमा ल्याउँ, हेटौंडा सिमेन्ट उद्योग कोमामा छ, अनिवार्य दायित्वको हिसाबले ६५ करोड सरकारले दिनुपर्ने अवस्था छ यो स्थितिमा किन आइपुग्यो ? उनले प्रश्न गरे । यसबारे बहस हुन जरूरी रहेको उनले बताए । ७२ सालमा उठेको मयुरधाप औधोगिक क्षेत्रको बिषयमा कुरा उठ्यो तर हालसम्म पनि कुनै काम हुन सकेन किन त ? उनले प्रश्न गरे । 'नौ बर्षपछि कार्यको अन्तिम तहमा पुग्ने बेलामा १३ दिन अघि वन सचिवले उक्त क्षेत्र मध्यवर्ती क्षेत्रमा पर्छ । हेटौंडा औद्योगिक क्षेत्र हुदा हुँदै किन चाहियो भन्ने निर्णय भएको पत्र काटिएको छ' उनले बताए ।

विजनेशको नेतृत्व प्रशासन संयन्त्रले गरेकोले राजनितिक संयन्त्रले त नीतिगत कुरामा मात्र ध्यान दिने उनले बताए ।

'एउटै कारणले मध्यवर्ती क्षेत्रले मात्रै मयुरधाप औद्योगिकक्षेत्र निर्माणमा अवरोध सिर्जना गरेको छ' उनले बताए । २०२८ सालबाट सुरू भएको मध्यवर्ती क्षेत्र भनेको आम नागरिकलाई वन पैदावरमा सहज पहुँच होस भनी सिर्जना गरिएको उनले बताए । 'तर हेटौंडा १२, १३, १४ र १५ वडामा मध्यवर्तीको नाममा अनेक गतिविधि बढिरहेको प्रति मयुर धाप औधोगिक क्षेत्र बन्द हुने अवस्था सिर्जना हुन नदिने उनले बताए ।

अस्थिर राजनीतिले सबैभन्दा धेरै मारमा उद्योग व्यवसाय परेको र लगानी डुबेको बताउँदै बर्तौलाले भने, लागानी मैत्री वातावरण बन्न सकेन, उद्योग व्यवसायी निराश छन् ।' लगानी सुरक्षा सरकारले गर्न नसकेको बताउँदै प्रशासनिक झमेलाका कारण उद्योग खोलेर उत्पादन गर्ने ठाउसम्म पुग्न समस्या रहेको उनले बताए ।

जनै तिक अस्थिरताका कारण नीति बनाउने, बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने बेला सर कार फरक फरक हुँदा हुँदा समस्या भएको उनले बताए । 'मकवानपुर का उद्योग व्यावसायीको हकहितका आफूले सकेको काम गर्ने उनले बताए ।

उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रिनाथ शर्माको सभाध्यक्षता तथा नेकपा एमालेका प्रमुख सचेतक तथा प्रतिनिधि सभा सदस्य महेश बर्तौलाको प्रमुख आतिथ्यतामा भएको साधारण सभामा रास्वपा प्रतिनिसभा सदस्य बिन्दाबासिनी कसंकार, नेकपा एमालेका नेता सांविधान सभा सदस्य अन्नत पौडेलको उपस्थिती रहेको थियो ।

यसैगरी मकवानपुर उद्योग संघका उपाध्यक्ष श्रीहरि मास्के, बागमती प्रदेश सभा सदस्य एकालाल श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी तिर्थराज चिलुवाल, मकवानपुर उद्योग वाणिज्य संघ अध्यक्ष कृष्ण कुमार गुप्ता, पत्रकार महासंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी लगायतको उपस्थिति रहेको थियो ।

## सांसद बर्तौलाको पहलमा थाहाका किसानलाई चार हजार बोरा मल

○ सहीखबर संवाददाता

मकवानपुर । प्रतिनिधि सभाका सदस्य महेश कुमार बर्तौलाको पहलमा थाहा नगरपालिकाका किसानलाई चार हजार बोरा मल वितरण गर्ने भएको छ ।

आलु रोप्ने सिजन लागिसक्दा डीएपी, युरिया लगायतका रासायनिक मल अभाव भएपछि थाहा नगरपालिकाका किसानका समस्या समाधान गरिदिन सांसद बर्तौलाले बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई अनुरोध गरेका थिए ।

बुधवार नेकपा एमाले थाहा नगरका सचिव सुजन रायमाझी र सांसद बर्तौलाका तर्फबाट प्रतिनिधित्व गर्दै स्वकीय सचिव आशिष अस्लामीले कृषि तथा पशुपन्क्षी विकास मन्त्री प्रकाश श्रेष्ठलाई भेटेर मल उपलब्ध गराईदिन आग्रह गरेका थिए ।



भेटघाटमा मन्त्री श्रेष्ठले बिहिवार नै थाहाका किसानहरूका लागि मल उपलब्ध गराउने प्रतिवद्धता व्यक्त गरे । श्रेष्ठले किसानहरूका लागि दुई हजार डीएपी र दुई हजार युरिया गरी चार हजार बोरा रासायनिक मल वितरण गरिने जानकारी दिए ।

आलु रोप्न इयाङ नै तयार भईसक्दा पनि किसानले मलको अभावमा आलु रोप्न सकेका छैनन् । अहिले निजी क्षेत्रका व्यापारीसंग महङ्गो मुल्य तिरेर किसानहरूले आलु रोप्नुपरेको छ ।

मकवानपुरको थाहा नगरपालिका आलु उत्पादनको पकेट क्षेत्र समेत मानिन्छ । थाहा नगरका ९ हजार कृषक परिवार आलुखेतीमा आबद्ध छन् । थाहानगरको ७ सय हेक्टरमा आलुखेती हुँदा ७० हजार किलो आलुको बीउ रोप्ने गरेका छन् । यहाँका किसानले आलुबाट वार्षिक ३ अर्ब रूपैयाँ आम्दानी गर्दै आएका छन् ।

२०८१ पुस २५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

**प्रकाशक/सम्पादक:-** सरिता दाहाल
**समाचार संयोजक:-** संझना घिमिरे,
**बजार प्रतिनिधि :-** गोपिनी दाहाल
**प्रबन्ध व्यवस्थापक :-** सिताकुमारी घिमिरे
**मुख्य कार्यालय:-** हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
**इमेल:** saheekhabar333@gmail.com
**कम्प्युटर सेटिङ:** *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
**मुद्रण:**-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

## सम्पादकीय

# बाल संरक्षण

बालबालिकाको उच्चतमहित र संरक्षणको लागि पहिलो जिम्मेवारी उसको परिवार हो। उसको समाज,नातेदार र राज्य अभिभाक हुन् । जसले बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, उचित हेरचाह सहितको संरक्षणको जिम्मेवारी लिनुपर्छ । अहिले बालबालिकाहरूको सर्वोतम हितकै लागि स्थानीय तहहरू बालमैत्री स्थानीय शासन घोषणाको चरणमा छन् । मकवानपुर जिल्लामा रहेको १० वटा स्थानीय तहहरूमध्ये मनहरी, बकैया, मकवानपुरगढी बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा भइसकेका छन् । हेटौंडा उपमहानगरपालिका घोषणाको पूर्व तयारीमा जुटेको छ। बालमैत्री स्थानीय शासन घोषणा पुर्व पुरा हुनु पर्ने सूचकहरूमा तिव्र रफ्तारमा काम भइरहेको छ। बालबालिकाहरू विद्यालय नगएको, श्रममा लागेको, स्वास्थ्य उपचार सेवा नपाएको, विभिन्न हिंसा खेपिरहेको जस्ता सवालको निगरानी स्थानीय सरकार, विभिन्न गैरसरकारी सरोकारवाल निकायहरूले निगरानी गरिरहेको छ ।

बालमैत्री घोषणामात्रै सबै प्रगती हैन, घोषणापछि त्यसको निरन्तरताको लागि पनि काम हुनु जरूरी छ। बाल संरक्षण उनीहरूको मानसिक विकास तथा शारिरीक वृद्धिको लागि निरन्तर अभिभावक र सरोकारवालाको ध्यान जानु पर्छ । सानातिना लाग्ने सवालहरूले पनि बाल मानसपटलमा गहिरो चोट दिन सक्छ। यसतर्फ ध्यान दिनु जरूरी छ। यसै साता मकवानपुरको मनहरीको एउटा विद्यालयबाट ३ जना बालबालिकाहरू हराएरको घटनाले यस्तै पाठ सिकाएको छ । जो घरमा ऐन फुटाएको निहुँमा अभिभावकले गालि गरेपछि बेपत्ता भएका थिए । स्कुल जानेबेलामा ऐन फुटाएपछि अभिभावकले 'भरे घर आउलास्'भनेका थिए,स्कुल छुटेपछि त्यहि धम्की सम्झेर उनीहरू घरै गएनन् । भलै भयो उनीहरूमाथि कुनै नकारात्मक घटना भएन्, उनीहरू सम्पर्कमा आए ।

बालबालिकाहरूलाई गल्तिमा सम्झाउन पनि आक्रोशित भाषा, शब्द बोल्नुअघि सोच्नु पर्छ । बालबालिकाहरूको कहिलो मानसपटलमा चोट पुग्ने गरि बाल अधिकारको हनन हुने व्यवहार नगरौं । बाल संरक्षणमा संवेदनशील बनौं, बालमैत्री व्यवहार गरौं,बाल अधिकार विरूद्धको गतिविधि भएका त्यसको प्रतिकार गरौं ।

# बढ्दो मानव-हात्ती द्वन्द्व : २० वर्षमा २७४ जनाको मृत्यु

भीष्मराज ओझा

काठमाडौं । पछिल्लो समय वन्यजन्तुको सङ्ख्यामा वृद्धि तथा बासस्थानमा भएको क्षयीकरण एवं सङ्कुचनले गर्दा वन्यजन्तु आफ्नो बासस्थान छाडी गाउँबस्तीमा पस्ने गरेका छन् । यसबाट संरक्षित क्षेत्रमित्र तथा यसको वरिपरि बसोबास गर्ने समुदायको वन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ ।

हात्ती, बाघ, गैँडा, हिउँ चितुवा, हिमाली कालो भालु, काठे भालु, बाँदरलगायत वन्यजन्तुको आक्रमणबाट मानवीय क्षति (मृत्यु तथा घाइते) बालीनाली, घर, गोठको क्षति हुने गरेको छ । यो अवस्थामा मानव र वन्यजन्तु द्वन्द्व एक ठड्कारो समस्याका रुपमा बढ्दै गएको छ ।

आर्थिक वर्ष २०७९/०८० मा मात्र नेपालभर वन्यजन्तुबाट मृत्यु हुने मानिसको सङ्ख्या ३९, सामान्य घाइते सङ्ख्या ७३ र सख्त घाइते हुनेको सङ्ख्या एक सय ३४, घरगोठको क्षति पाँच सय ३१ रहेको छ। वन तथा वातावरण मन्त्रालयको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार सबैभन्दा बढी हात्ती र त्यसपछि बाघको आक्रमणबाट मानिसको मृत्यु हुने गरेको तथ्याङ्क छ ।

विगत २० वर्षमा मात्रै नेपालमा ११ हजारभन्दा बढी मानवत्हात्ती द्वन्द्वका घटना रेकर्ड गरिएका छन् । यी घटनामा दुई सय ७४ जनाको मृत्यु भएको छ भने एक सय ३८ जना घाइते भएका देखिन्छ। विशेषगरी झापालगायत पूर्वी क्षेत्रमा मानव-हात्ती द्वन्द्व ठूलो समस्यामा रुपमा देखिएपछि वन मन्त्रालयले प्राथमिकता दिएर न्यूनीकरणका लागि विभिन्न कार्यक्रमसमेत गर्दै आएको छ।

मंगलबार मात्रै वनमन्त्री ऐनबहादुर शाही ठकुरीले झापा पुगेर मानव-हात्ती द्वन्द्व समाधानका लागि छुट्टै कार्यविधि ल्याउने बताए । सुदूरपूर्वी झापाको हात्ती प्रभावित क्षेत्र मेचीनगरमा सरोकारवालाले बुझाएको मागपत्र ग्रहण गर्दै उनले मानव-हात्ती द्वन्द्वबाट उत्पन्न समस्या समाधानका लागि छुट्टै कार्यविधि बनाइने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले कानुनी बाधा अड्चन फुकाएर भए पनि स्थानीय प्रभावित समुदायका माग र सुझावलाई कार्यान्वयन गर्ने उल्लेख गरेका थिए ।

सोही कार्यक्रममा झापा निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य एवं नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मासहित सर्वपक्षीय छलफल गरी मानव-हात्ती द्वन्द्व समाधानका लागि १४ बुँदे साझा निष्कर्षसमेत निकालिएको थियो ।

महामन्त्री शर्माले झापामा हात्ती प्रभावित क्षेत्रका जनप्रतिनिधि र सरोकारवालाबीच पहिलो पटक साझा धारणा बनेको उल्लेख गर्दै मानव र हात्तीबीच सहअस्तित्व कायम गरेर समस्याको समाधान खोज्न सरकारलाई ध्यानाकर्षण गराएका थिए । मन्त्री ठकुरीसहितको टोलीले मेचीनगरको बाहुनडाँगीस्थित भारतबाट हात्ती प्रवेश गर्ने सीमावर्ती क्षेत्र र स्थानीय सामुदायिक वनको निरीक्षणसमेत गरेको थियो।

## हात्ती रोक्न ९३ किलोमिटर विद्युतीय तारबार

मानव-हात्ती द्वन्द्वलाई कम गर्न सरकारले केही महत्वपूर्ण कदम चालेकोसमेत छ । विभागका अनुसार आर्थिक वर्ष २०७१/७२ देखि हालसम्म झापामा करिब ९३ किलोमिटर विद्युतीय तारबार जडान गरिएको छ ।

यस कार्यमा करिब रु ११ करोड खर्च भएको छ । त्यस्तै मानव-हात्ती सह-अस्तित्व बलियो बनाउने सचेतना कार्यक्रम पनि सञ्चालन गरेको विभागका महानिर्देशक डा रामचन्द्र कँडेलले जानकारी दिए ।

मानव-हात्ती द्वन्द्व कम गर्न लगाएको तारबारको उचित मर्मत सुधार गरी हात्तीलाई बस्तीमा पस्नबाट रोक्ने, अतिप्रभावित क्षेत्रमा थप विद्युतीय तारबार गर्नुपर्ने, हात्ती धपाउनका लागि आवश्यकपर्ने उचित गाडी, दर्यक्टिरको व्यवस्था गर्नुपर्ने, समस्याग्रस्त हात्तीको पहिचानगरी र तीनको व्यवस्थापन गर्नुपर्ने उनको सुझाव छ ।

त्यस्तै हात्ती पर्यटनमा जोड दिने, हात्तीले नखाने चिया, कागती, ल्वाङ, सुपारी, बेसार आदिको खेतीपाती प्रणालीको सुरु गर्ने, पीडितलाई आर्थिक सहुलियत दिनुपर्ने महानिर्देशक डा कँडेलले बताए ।

विश्वमा दुई प्रजातिका हात्ती पाइन्छन् । एसियाली र अफ्रिकी हात्ती । एसियाली हात्ती नेपाल, भारत, भुटानलगायत १३ राष्ट्रमा पाइन्छन् । र तिनको सङ्ख्या हाल करिब ५० हजार को हाराहारीमा रहेको बताइन्छ ।

विश्व संरक्षण सङ्घले हात्तीलाई सङ्कटापन्न प्रजातिको सूचीमा राखेको छ । नेपालले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ अन्तर्गत हात्तीलाई अनुसूची-१ मा राखेर यसको संरक्षणमा विशेष ध्यान दिइएको छ ।

चुरे तराई क्षेत्रको करिब १३ हजार वर्ग किलोमिटर क्षेत्र हात्तीको बासस्थानका लागि उपयुक्त मानिन्छ । यद्यपि, विगत ९० वर्षमा करिब ३३ प्रतिशत बासस्थान विनाश भएको तथ्यले यो क्षेत्र हात्तीका लागि कम सुरक्षित हुँदै गएको बताइएको छ । मानव र हात्ती दुवैलाई पर्ने क्षतिलाई कम गर्न सरकारले विभिन्न पहलहरु गर्दै आएको छ ।

हात्तीकै विषयमा विद्यावारिधि गर्नुभएका बर्दिया राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृत डा अशोक रामका अनुसार तराईका रुपन्देही र पश्चिमी नवलपरासीबाहेक सबै जिल्लामा हात्ती पाइन्छ ।

'परापूर्वकालदेखि नै हात्तीको ओहोरदोहर गर्ने हात्तीमार्गमा हाल बस्ती र खेती भएकाले त्यस्ता स्थानमा बेलाबेलामा हात्तीसँग मानिसको द्वन्द्व हुने गर्छ । साथै मानिस र हात्तीले एउटै बासस्थान र आहार प्रयोग गर्ने गरेकाले पनि यो समस्या देखिएको हो', डा रामले भने । बासस्थान विनाश हुनु र खण्डीकरण हुनु मानव-हात्ती द्वन्द्वको मुख्य कारण बनेको उनको भनाइ छ ।

बढ्दो मानव-हात्ती द्वन्द्व र कतिपय स्थानमा मानव बस्ती सुरक्षाका लागि भनेर राखिएका तारबाट करेन्ट लागेर हात्ती मर्ने गरेका छन्। त्यस्तै बासस्थानको क्षयीकरण र अतिक्रमण, हात्तीमार्गमा मानवबस्ती विस्तार, पूर्वाधार विकास निर्माणका कारण चोरी सिकारी मुख्य चुनौती देखिएका छन्।

## जङ्गली हात्ती पाँच सय, निजी हात्ती एक सय ७०

वरिष्ठ संरक्षण अधिकृत डा रामका अनुसार सन् २०२० को गणनाअनुसार नेपालमा जङ्गली रैथाने करिब दुई सय ३७, (हाल झापामा पश्चिम बङ्गालबाट आई स्थायी रुपमा बस्न थालेका ५० थप) हात्ती रहेका छन् । यस्तै भारतबाट सिजनमा झापा र आसपास क्षेत्रमा एक सय, बर्दियामा ५०, कैलाली र कञ्चनपुरमा ७० को हाराहारीमा जङ्गली हात्ती आउने र केही समय बसेर जाने गरेको उनले बताए ।

यसबाहेक नेपालमा घरपालुवा एक सय ७० (सरकारी एक सय १० र निजी ६०) को सङ्ख्यामा हात्ती छन् । हात्तीको गर्भावस्था २२ देखि २४ महिनाको हुन्छ । घरपालुवा हात्ती कोसी टप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा रहेका छन् । चितनवमा हात्तीको प्रजनन केन्द्र सफल रुपमा सञ्चालित छ।

द्वन्द्वका कारण हुने मानवीय क्षतिलाई सम्बोधन गर्न सरकारले राहत प्रदान गर्ने व्यवस्था गरेको छ । मानव मृत्यु भएमा पीडित परिवारलाई रू १० लाखसम्म राहत प्रदान गरिन्छ । गम्भीर घाइते भएमा दुई लाख, सामान्य घाइते भएमा २० हजार र अङ्गभङ्ग भएमा रू पाँच लाखको राहत उपलब्ध गराइन्छ।

त्यस्तै, घरगोठ क्षतिका लागि रू २० हजार र अन्नबाली क्षतिका लागि रू १० हजार राहत दिने कानुनी प्रावधान छ । झापामा मात्र विगत पाँच वर्षमा आठ सय ८४ घटना दर्ता भएका छन्, जसमा सरकारले करिब रू चार करोड तीन लाख राहतस्वरुप वितरण गरेको विभागको तथ्याङ्क छ ।

हात्ती जमिनमा पाइने सबैभन्दा ठूलो जनावर हो । हात्तीलाई हिन्दू धर्ममा भगवान्का रुपमा पूजा गर्ने गरिन्छ । विश्वका ५० देशमा हात्ती पाइए पनि दुर्लभ र लोपोन्मुख भएकाले नेपालको कानुनअनुसार हात्ती संरक्षित जनावरमा रहेको छ। सरकारले घरपालुवा हात्ती प्रयोग गरेर जङ्गली हात्ती र अन्य वन्यजन्तुको संरक्षण गर्दै आएको छ भने पर्यटन प्रवद्धर्न मा पनि हात्तीको ठूलो योगदान रहेको छ। *अनलाइनखबरबाट ।*

२०८१ पुस २५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

# सडक निर्माण सुस्त, नागरिकलाई सास्ती

○सहीखबर संवाददाता

मकवानपुर । काठमाडौँदेखि कुलेखानी हुँदै हेटौँडा पुग्ने सडक निर्माणमा चरम लापरबाही र ढिलाइ हुँदा काठमाडौँ र मकवानपुरका नागरिक सास्ती भोग्न बाध्य छन् ।

६ वर्षअघि काम सुरू गरे पनि सडक निर्माण र कालोपत्रे गर्ने कार्य सम्पन्न नहुँदा काठमाडौँको दक्षिणकाली नगरपालिका र मकवानपुरको इन्द्रसरोवर गाउँपालिकासहित अन्य पालिकाका नागरिक धुलोको प्रताडना भोग्न बाध्य भएका हुन् ।


सडक निर्माणमा विलम्ब हुँदा वर्षायाममा हिलाम्मे र हिउँदमा धुलाम्मे हुने गरेको छ । तराई मधेशबाट हेटौँडा हुँदै काठमाडौँ आउने सबैभन्दा छोटो सडक बाढीपहिरोले बगाउँदा दैनिक यात्रा गर्ने भन्डै पाँच सय वटा सवारीसाधनका यात्रुको बेहाल हुने गरेको छ । हेटौँडा हुँदै तराई मधेश जाने नेपाली र पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भारतीय तीर्थयात्री जोखिम मोलेर यात्रा गरिरहेका छन् । स्थानीयवासीका अनुसार सडकमार्ग क्षतविक्षत हुँदा इन्द्रसरोवर गाउँपालिकामा दिनैपिच्छे दुर्घटना हुने गरेको छ ।

## दुवै योजनाको काम ढिलाइ

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रक्ता एवं वरिष्ठ डिभिजनल इन्जिनियर भूपेन्द्रकुमार यादवका अनुसार काठमाडौँबाट हेटौँडा जाने सडकको दुवै खण्डमा स्तरोन्नतिको काम भइरहेको छ ।

उनले हेटौँडा फाखेल फर्पिङ सडक आयोजना अन्तर्गत इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ३ र ४ मा सडक विस्तारको काम भइरहेको बताए । उनका अनुसार कुलेखानी, सिस्नेरी, छैमले, दक्षिणकाली सडकमा मकवानपुरतर्फको काम रमण पिआर त्रिवेणी जेभीले गरिरहेको छ । १३ किलोमिटर १५८ मिटर सडकखण्ड निर्माणका लागि सडकखण्डको सम्झौता रकम ४३ करोड ४१ लाख १६ हजार ८९ रूपियाँ रहेको छ ।

त्यस्तै गरी कुलेखानी, सिस्नेरी, छैमले, दक्षिणकाली सडकको काठमाडौँतर्फको खण्डको काम रौताहा रामसागर जेभीले गरिरहेको छ । सात किलोमिटर ७६९ मिटर सडक स्तरोन्नति र कालोपत्रे गर्नका लागि ३१ करोड ९८ लाख ११ हजार ७४४ रूपियाँ सम्झौता रकम निर्धारण गरिएको छ ।



## हेटौँडा-कुलेखानी-काठमाण्डौं

## धुलो अचाक्ली, दिनैपिच्छे आन्दोलन

हेटौँडा, फाखेल र फर्पिङ सडक आयोजनाको काम सुस्त हुँदा दक्षिणकाली नगरपालिका र इन्द्रसरोवर गाउँपालिकाका नागरिक धुलैधुलोमा बस्न बाध्य छन् । फर्पिङमा व्यापार गर्ने सुमित्रा लुइँटेलका अनुसार दुई वर्षयता व्यापार व्यवसाय ठप्प छ ।

"सडक भत्काउन थालेको पाँच, छ वर्ष भइसकेको छ । स्थानीयवासीले दबाब दिन आन्दोलन पनि गर्दै आएका छन्," उनले भने, "धुलो उड्छ, स्वास फेर्न समस्या हुन्छ । दिनभरिमा एक कप चिया बिक्रि हुँदैन । हिउँद लाग्देपछि दिनदिनै आन्दोलन गर्दा पनि ठेकेदारले काम गरेका छैनन् । दुई तीन किलोमिटरमा आधा सडक कालोपत्रे गरेर छोडेका छन् ।"

दक्षिणकाली नगरपालिका प्रमुख मोहन बरूनेतले दक्षिणकालीबाट सिस्नेरी, कुलेखानी हुँदै हेटौँडा जाने सडक निर्माण सुस्त भएको बताउनुभयो । उनले भने, "केही काम भएको छ तर यो उल्लेख्य प्रगति होइन ।

ठेकेदारलाई ताकेता गर्दा पनि सडक निर्माण सुस्त भएको सत्य हो ।"

## अर्को सडक पनि उस्तै

प्रक्ता यादवका अनुसार हेटौँडा फाखेल फर्पिङ सडक आयोजना अन्तर्गत कुलेखानी हुमाने मन्ज्याङ सडकखण्ड निर्माण गर्न ठेक्का दिइएको छ । हुमानेदेखि कलङ्कीसम्मको सडक आयोजनाको लम्बाइ १३ किलोमिटर ६ सय मिटर रहेको छ ।उनले २०८० वैशाख १७ गते दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको बताए । उनका अनुसार उक्त सडकको सम्झौता रकम ४० करोड ७३ लाख ४५ हजार ५८१ रूपियाँ रहेको छ ।

उनले भने, "सडक चौडा गर्ने, ढेवा पर्खाल, नाली निर्माण, कल्भर्ट निर्माण, सबबेस, बेस, सडक सतह कालोपत्रे तथा ढलान कार्य गर्ने गरी सम्झौता भएको छ तर असोज १० देखि १३ गते भीषण वर्षाका कारण क्षति भएको सडकखण्ड मर्मत र पहिरो पन्छाउने काम भइरहेको छ ।"

## लापर्बाहीले जोखिम

इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीका अनुसार असोज १० देखि १३ गतेसम्म आएको भीषण बाढीका कारण पालिकाको वडा नम्बर ३ र ३ का सडक ध्वस्त भएका छन् । ३५ स्थानमन्दा बढीमा पहिरोले क्षति पुग्याएको छ ।

उनले भने, "कुलेखानी जलविद्युत् आयोजनाले असोज १३ गते इन्द्रसरोवरको इयामको पानी एकै पटक छोडेपछि सडकसँगै गाउँको चित्रै बदलियो । तहसनहस भएको हो । अहिले प्रदेश मन्त्रालयले काम गर्ने भन्ने सुनेको छु । हामी दबाब दिइरहेका छौं ।"

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रक्ता एवं वरिष्ठ डिभिजनल इन्जिनियर भूपेन्द्रकुमार यादवले काठमाडौँ र मकवानपुर खण्डको काम भइरहेको भए पनि मकवानपुर खण्ड असोजको बाढीले बगाएको भागमा पहिरो हटाउनेबाहेक कार्य प्रगति नभएको बताए । उनले भने, "३० करोड रूपियाँ जति बजेटले इन्द्रसरोवरमा असोजको बाढीले क्षति पुग्याएको सडक मर्मत हुने अनुमान गरिएको छ । चाँडै काम अघि बढाउने योजनामै मन्त्रालय छ ।"


## बाल विवाह नगरौं

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

saheekhabar.com

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

saheekhabar.com

**१७ नम्बर वडा कार्यालय**

**हेटौडा उपमहानगरपालिका, मकवानपुर**

# भीमफेदीको माण्डु खोलामा निर्मित पक्की पुल उद्घाटन



○सहीखबर संवाददाता

मकवानपुर। बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री अमनकुमार मास्केले नागरिकलाई अनुभूत हुने गरी विकासका काम अघि बढाउन जरुरी रहेको बताएका छन् ।

मन्त्री मास्केले नागरिकको आवश्यकता अनुसारको विकासका काम अघि बढाउन जरुरी रहेको बताए ।

भीमफेदी गाउँपालिका वडा नम्बर-६ स्थित माण्डु खोलामा निर्मित पक्की पुलको उद्घाटन गर्दै मन्त्री मास्केले जनतालाई डेलिभरी दिनु वर्तमान सरकारको दायित्व भएको बताए । नागरिकहरू माझमा रहेका नैराश्य अन्त्य गर्न प्रदेश सरकार र मातहतका निकायले जिम्मेवार ढङ्गबाट काम गर्नुपर्ने बताए । विकास निर्माणको कामलाई व्यवस्थित र पारदर्शी बनाउन र नागरिक लक्षित भएर काम गर्न निर्देशन दिए ।

मन्त्री मास्केका अनुसार प्रदेश सरकारको पूर्वाधार विकासमा पर्याप्त स्रोत नभए पनि नागरिकलाई सहज सेवा प्रदान गर्ने गरी काम गर्नुपर्नेछ । सीमित स्रोत र साधनका बाबजुद पनि सरकार ले विकास निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको उनको भनाई छ ।

उनले आगामी दिनमा पनि विकास निर्माणमा भौतिक पूर्वाधार मन्त्रालयले सशक्त ढङ्गले काम गर्ने प्रतिबद्धता व्यक्त गरे । गत असोजको विपद्ले प्रादेशिक सडक गुरुयोजना अन्तर्गतका सडक र पुलहरूमा ठुलो क्षति भएको उनले बताए । सो संरचनाहरूको पुन: निर्माणका लागि स्रोत व्यवस्थापन गरेर काम गर्ने काम भइरहेको उनले बताए ।

कार्यक्रममा भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले पूर्वाधार निर्माणमा वर्तमान सरकारको भूमिका महत्वपूर्ण रहेको बताए । आगामी दिनमा स्थानीय तहको आवश्यकता अनुसार प्रदेश सरकारले बजेट विनियोजन गरी विकास निर्माणको काम गर्ने उनले विश्वास व्यक्त गरे ।

हेटौँडा काठमाडौँ जोड्ने छोटो दुरीको मार्ग भैँसे भीमफेदी कुलेखानी सडक खण्ड अन्तर्गतको ५६.६ मिटर लम्बाईको उक्त पुल प्रदेश यातायात पूर्वाधार निर्देशनालय मार्फत् १२ करोड ३० लाख ३९ हजार रुपैयाँमा ठेक्का सम्झौता निर्माण भएको हो ।

# “लगानीलाई सुरक्षित हुने वातावरण सिर्जना गर्नुपर्छ”




○सहीखबर संवाददाता

मकवानपुर। बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिं लामाले राज्यले उद्योगी व्यवसायीलाई आवश्यकता अनुसार सुविधा दिनुका साथै लगानीलाई सुरक्षित हुने वातावरण सिर्जना गर्नुपर्ने बताएका छन् ।

बुधबार हेटौँडामा मकवानपुर उद्योग वाणिज्य संघको ५८ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्नुहुँदै उद्योग क्षेत्र रोजगारी सिर्जना गर्ने प्रमुख क्षेत्रको रुपमा रहेकाले लगानीकर्तालाई आवश्यकता अनुसारको सुविधा दिनसक्नुपर्ने बताए ।

नेपालीले उत्पादनका काम छाड्दा आर्थिक रूपमा समस्या भएको भएको उनको भनाई छ । उद्योग क्षेत्रले स्थानीय कच्चा पदार्थको प्रयोग गरी उत्पादनमा जोड दिनुपर्ने उनले बताए ।

राज्यले उद्योगीलाई आवश्यक सुविधासहित उत्पादन वृद्धिमा जोड दिनुपर्ने उनको भनाई छ । उनका अनुसार नेपालमा भ्रष्टाचारको अवस्था गम्भीर रहेको छ । भ्रष्टाचार नियन्त्रणका लागि आम व्यक्तिहरूको सबै विषय अध्यवधिक गर्न जरुरी रहेको उनले कताए । लगानीमैत्री वातावरण तयार गर्न प्रदेश सरकारले लगानी बोर्ड गठन गर्ने तयारी गरेको उनले बताए ।

सभामा एमाले प्रमुख सचेतक एंव प्रतिनिधि सभा सदस्य महेशकुमार बर्तौलाले हेटौँडा औद्योगिक क्षेत्र रहेकाले यसलाई थप व्यवस्थित गरि लैजानुपर्ने बताए । कतिपय उद्योग बन्द भएको अवस्थामा र सरकारी स्वामीत्व रहेको हेटौँडा सिमेन्टलाई थप व्यवस्थित गरि लान नकसेका राज्यलाई घाटा हुने बताए ।

मध्यवर्ती क्षेत्रभित्र पर्न गएकाले वनपैदावरको ज्याजतीका कारण उद्योगहरु सञ्चालन गर्ननसकेको बताए ।

त्यस्तै, संघीय सभाका भौतिक पूर्वाधार विकास समितिका सभापति एंव प्रतिनिधि सभा सदस्य दीपकबहादुर सिंहले आफ्नो बुबाको पालादेखी हेटौँडामा व्यवसाय गर्नुका साथै उद्योगहरु सञ्चालन गर्दै आइरहेको बताए ।

पछिल्लो समय हेटौँडामा धेरै उद्योगहरु बन्द भए तर राज्यको ध्यान त्यसतर्फ नजानुका साथै उद्योग व्यवसायी मैत्री कानून, ऐन नहुँनाले यस्तो सिर्जना भएको बताए ।

कार्यक्रममा कान्तिपुर दैनिकका मकवानपुर संबाददाता प्रताप विष्ट र रेडियो मकवानपुर र नागरिक दैनिकका पत्रकार गणेश दर्पण अधिकारीलाई नगद रकम सहित सम्मान गरिएको थियो ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालको सभाध्यक्षतामा भएको सभामा पूर्वमन्त्री एंव संघीय सांसद राजन केसी, बागमती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री सुकमाया तामाङ, संघीय सदस्य विन्दवासिनी कंसाकार, प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामी, लक्ष्मी श्रेष्ठ, भारती पाठक, नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश अध्यक्ष दिनेश श्रेष्ठ, जिल्ला समन्वय समितिका प्रमुख ललितबहादुर घलानलगायतको उपस्थिती रहेको थियो ।


## बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेर मै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

**मुलुकी अपराध संहिता २०७४ अनुसार:**

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**त्यसैले** बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

सविन न्यौपाने अध्यक्ष

१ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका



## बालबालिकालाई श्रममा हैन विद्यालय पठाऔं

१८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु कानुनी अपराध हो । हेटौंडा उपमहानगरपालिका निकट भविष्यमा बालमैत्री स्थानीय शासनयुक्त स्थानीय शासन घोषणा गर्न लागिएकोले सबैले बालमैत्री शासनको सुचाङ्कको पूर्ण पालना गरौ । उपमहानगरपालिका क्षेत्रभित्र रहेका होटेल, बार, रेस्टुरेन्ट, घर, यातायात, निर्माण सेवालगायतका विभिन्न क्षेत्रमा गैर कानुनी रुपमा बालबालिकालाई श्रममा लगाइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै कहीं कतै बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाएको वा कानुनले तोके बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका कुनै पनि बालबालिका वा जीविकोपार्जनमा अत्यन्तै समस्यामा परी श्रममा आउन बाध्य भएको पाइएमा तुरून्त खबर गरि उद्धारमा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

सविन न्यौपाने अध्यक्ष

१ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका मकवानपुर

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८१ पुस २५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०
मकवानपुर जि. हुलाक का. दर्ता नं ०५/२०७६/०७७

# मकवानपुरगढीको डुम्रेकुनामा माघबाट श्रीमद्भागवत महायज्ञ




○ सहीखबर संवाददाता

मकवानपुर। मकवानपुरगढी गाउँपालिका ६ नम्बर वडाको केन्द्र डुम्रेकुनामा श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ तथा धार्मिक महोत्सव हुने भएको छ ।

डुम्रेकुना बजारको मध्यभागमा अवस्थित जालपा/जलेश्वर मन्दिर परिसरमा ३ माघदेखि १० गतेसम्म महायज्ञ हुने भएको हो ।

मन्दिरको भौतिक संरचना निर्माणार्थ पण्डित रामचन्द्र तिमल्सिना र १०८ महायज्ञका अभियानकर्ता हरिचन्द्र तिमल्सिनाबाट हरेक दिन कथा वाचन, भजन र झाँकीसहितको धार्मिक कार्यक्रम हुने गरी महायज्ञ हुन लागेको प्रचारप्रसार समिति संयोजक टिकाप्रसाद दाहालले जानकारी दिए ।

मातातीर्थ/धनेश्वर महादेव मन्दिर तथा जालपा/जलेश्वर मन्दिर व्यवस्थापन समिति तथा श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ आयोजक मूल समारोह समितिको आयोजना, ६ नम्बर वडा कार्यालयको सहकार्यमा महायज्ञ हुन हुँदैछ ।

महायज्ञस्थल डुम्रेकुना गाउँपालिकाकै केन्द्र भागमा पर्दछ ।

जिल्ला सदरमुकाम हेटौंडाबाट कान्तिलोकपथ हुँदै शिखर कटेरीको मुखबाट दक्षिणतर्फ अथवा सामरी पुलबाट सहिद बासुदेव मार्ग भएर करिब ९/१० किलोमिटरको दुरीमा डुम्रेकुना पुग्न सकिन्छ ।

श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ आयोजक मूल समारोह समिति अध्यक्ष रामकृष्ण न्यौपानेको अध्यक्षतामा बुधवार दिउँसो बसेको बैठकले महायज्ञको सम्पूर्ण तयारी अन्तिम चरणमा रहेको जनाएको छ ।

माघ ३ गते बिहान ८ बजे भागरथी टोलस्थित शास्वत धामबाट कलशयात्रा सुरू हुने प्रचारप्रसार समिति संयोजक दाहालले जानकारी दिए । महायज्ञमा प्रत्येक दिन ७ बजेदेखि साँझ ८ बजेसम्म पाठपारायण, १० बजेदेखि अपरान्ह ४ बजेसम्म कथा वाचन, भजन र झाँकी हुनेछ ।

हरेक दिन साँझ ७ बजेदेखि १० बजेसम्म महात्म्य कथा वाचन, भजन र झाँकी प्रदर्शनी हुने दहालले बताए ।

९ गते लाख बत्ति बाल्ने कार्यक्रम रहेको छ । महायज्ञमा सामूहिक ब्रतबन्ध, चौरासी पुजा, तुलादान, जिन्सीदानलगायतको कार्यक्रमको पनि व्यवस्था रहेको दहालले बताए ।

महायज्ञमा राष्ट्रिय स्तरका कलाकारहरूको पनि प्रस्तुति रहने जनाइएको छ ।

## वायोमेट्रिक गराउने सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**६ नम्बर वडा कार्यालय**

**हेटौडा उपमहानगरपालिका**

## वायोमेट्रिक बारे जरुरी सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिर हेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगर ाउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

अनिल बानियाँ अध्यक्ष

**१८ नम्बर वडा कार्यालय**

हेटौडा उपमहानगरपालिका, मकवानपुर

## सार्वजनिक सेवा लिदा ध्यान दिऔं ।

- ☞ आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- ☞ आवश्यक कागजात/प्रक्रिया पुरा गरौं,
- ☞ नागरिक बडापत्रको प्रयोग गरौं,
- ☞ आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं,
- ☞ सेवा प्राप्त गर्दा आफैले लिऔं, विचौलियाको प्रयोग नगरौं,
- ☞ सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- ☞ जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिहरूलाई प्राथमिकता दिऔं,
- ☞ सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा गुनासो गरौं,
- ☞ अनियमितता र भ्रष्ट्राचार बिरूद्ध उजुरी गरौं,
- ☞ सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

**१४ नम्बर वडा कार्यलय**

**हेटौंडा उपमहानगरपालिका**

# उपलब्धी बस्तुगतरूपमा मापन गर्न प्रदेश प्रमुखको सुझाव

○सहीखबर संवाददाता

मकवानपुर। बागमती प्रदेशका प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले उपलब्धी बस्तुगतरुपमा मापन गर्न सुझाव दिएका छन् ।

आफैंमाथि सही मुल्याङ्कन गर्न सकियो भने त्यो उच्चतम हुने बताउनुहुँदै आफूले सम्पादन गरेका कार्यहरु गर्व गर्न लायक होस भनेर लागिपर्न प्रदेश प्रमुख देवकोटाले प्रेरित गर्नुभयो ।

बागमती प्रदेश प्रमुख देवकोटाले बिगत र चालु बर्षमा गरेका कामहरुको स्व:मूल्याङ्कन हुनु आवश्यक रहेको बताउनु भएको हो ।

काभ्रेपलान्चोक जिल्ला समन्वय समितिले आयोजना गरेको प्रगति समिक्षा कार्यक्रममा उहाँले यस्तो बताउनु भएको हो ।

"सम्पूर्ण निकायका उपलब्धिमूलक कार्यहरुले काभ्रेली जनताको जीवनस्तर माथी उठ्नुपर्ने उहाँले बताउनु भयो ।" "हामीले लक्ष्य हासिल गर्न थुप्रै चुनौतीका पहाडहरुको सामना गर्नुपर्ने हुन्छ, तर समस्याभन्दा समाधान नै ठुलो हुन्छ" उहाँले भन्नुभयो ।

भौगोलिक जटिलता र प्रकृतिजन्य प्रकोप र अन्य कुराहरुले लक्ष्य हासिल गर्नमा समस्या खडा गरेको भएपनि आफ्नो प्रयास जारी राख्नुपर्ने उहाँले सल्लाह दिनुभयो ।

चालु बर्षको असोज महिनामा देशका अन्य भागजस्तै काभ्रेका थुप्रै ठाउँमा विपत्ति आइपरेको सन्दर्भलाई स्मरण गर्नुहुदै प्रमुख देवकोटाले भन्नुभयो "स्थानीय तहहरुको आफ्नै व्यथा छ, बनेपा डुबान दीर्घकालीन समाधानको पर्खाइमा छ, कृषिबाट अपेक्षित प्रतिफल हासिल हुन नसकेको र वास्तविक किसान मर्कामा परेका थुप्रै गुनासाहरु छन्, धुलिखेललाई सुचना प्रबिधि हब ,स्वास्थ्य हब र पर्यटन हब बनाउन अझै धेरै पाइलाको आवश्यक छ ।" सत्यता, कर्मशीलता अनि इमान्दारीताले सकारात्मक परिणामको अनुभुती दिन सकिने भएकोले संघर्षरत रहन उहाँले प्रेरित गर्नुभयो ।

सांविधानको धारा ३२० अनुसार गठन हुने जिल्ला समन्वय समितिले राज्यका तीनै तहसङ्ग समन्वयकारी भूमिका खेल्ने जिम्मेवारी दिएको उल्लेख गर्नुहुदै देवकोटाले विकास निर्माण अनुगमन, संयोजन, प्रकोप तथा विपत व्यवस्थापन समन्वय, सल्लाह, सुझाव, निर्देशनजस्ता अहम् भूमिका जिल्ला समन्वय समितिको रहेको बताउनु भयो ।

जिल्ला समन्वय समिती प्रमुख प्रमुख दिपक कुमार गौतमको नेतृत्वमा काभ्रे र काभ्रेली जनताको बृहत्तर हितका कार्यहरुले निरन्तरता पाउने अपेक्षा लिएको उहाँले बताउनुभयो ।


## उपभोक्ता सचेत बनौं

- अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु विक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,
- त्यस्ता गैह्रकानूनी कार्य भएको जानकारी पाउनासाथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,
- सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

१८ न वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका



## वायोमेट्रिक अनिवार्य गराउने बारे जरुरी सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

अध्यक्ष दमोदर गौतम
७ नम्बर वडा कार्यालय
हेटौडा उपमहानगरपालिका, मकवानपुर



## वायोमेट्रिक गराउने सूचना

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१६ नम्बर वडा कार्यालय
हेटौडा उपमहानगरपालिका



## वायु प्रदुषणको असर कम गरौं

- ☞ व्यक्तिगत स्वारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
- ☞ डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरौं,
- ☞ आफूले प्रयोग गर्ने सवारी साधनको ईन्जिन राम्रोसँग मर्मत गरौ, नियमित प्रदुषण जाँच गरौं,
- ☞ उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
- ☞ फोहोरमैलालाई जलाउने कार्य नगरौ, उचित व्यवस्थापन गरौ,
- ☞ कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरौं,
- ☞ वृक्षारोपण गरौं, बनजंगलको संरक्षण गरौं,

बायु प्रदुषणको असर कम गर्न सहयोग गरौं । स्वस्थ वातावरण निर्माणमा योगदान पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड